# राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# “बहिरा आवाज”

वर्ष -०२ अंक- १६, २०८१ माघ

**महासंघको परिचयः**

राष्ट्रिय बाहिरा महासंघ नेपाल सुनाइ सम्बन्धी अपाङ्गता भएका बहिरा व्यक्तिहरुको हकअधिकार, विकास, संजालीकरण तथा प्रतिनिधित्वका लागि गठित राष्ट्रिय स्तरको छाता संगठन हो। सन् १९९५ मा ८ जिल्ला बहिरा संघहरुको पहलकदमीमा स्थापना भएको यस महासंघमा हालसम्म ५४ जिल्ला बहिरा संघहरु आबद्ध रहेका छन्। देशको संघीय संरचना अनुसार महासंघ अन्तर्गत ७ वटै प्रदेश समितिहरु गठन भै क्रियाशिल रहेका छन्। जिल्ला प्रशासन कार्यालय काठमाडौँ र समाज कल्याण परिषदमा दर्ता भएको एक गैरसरकारी, गैरराजनीतिक, गैरनाफामुखी र सामाजिक संस्था हो। सन् १९९६ मा अन्तर्राष्ट्रिय मानव अधिकार संगठन, बिश्व बहिरा महासंघ (WFD) र क्षेत्रीय सचिवालय (WFD RS A/P) सँग आबद्ध रहेको छ।

महासंघले बहिरा व्यक्तिहरूको अधिकार सुनिश्चित गर्न कानूनी प्रावधानहरूका लागि वकालत गर्दै आएको छ। नेपाली साङ्केतिक भाषाको विकास, विभिन्न सामग्री निर्माण, तालिम संचालन तथा प्रचार-प्रसार, जिल्ला बहिरा संघहरुको स्थापना तथा क्षमता विकास, साङ्केतिक भाषाको दोभाषे उत्पादन तथा बहिरा व्यक्तिहरूको लागि दोभाषे सेवा, जनचेतना कार्यक्रम संचालन गर्दै आएको छ। महासंघले बहिरा बालबालिकाहरुको गुणस्तरीय शिक्षा, संचार, श्रवणदृष्टि विहीन बालबालिकाको पहिचान, श्रोत केन्द्रको स्थापना गरी शैक्षिक विकास, शिक्षक तालिम, स्वास्थ्य सेवामा पहुँच, बहिरा नागरिकहरुलाई रोजगार तालिम तथा अधिकारको वकालत, न्यायमा पहुँच, प्राकृतिक प्रकोपबाट सुरक्षा लगायत समाजमा समानता र भेदभावरहित वातावरण निर्माण, बहिरा संस्कृतिको प्रवर्धन लगायतका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

थप अपडेटको लागी वेवसाइट, फेसबुक, ट्वीटर र युटुब हेर्दै गर्नुहोला।

## हाम्रो सम्पर्कः

**राष्ट्रिय बहिरा महासंघ नेपाल (National Federation of the Deaf-Nepal)**

पो.ब.नं. ११३३८,काठमाडौँ, नेपाल, फोन/फ्याक्स ९७७-१-४४३५५१४, ९८५११४४८०१ (SMS),

इमेल: info@deafnepal.org.np, admin@deafnepal.org.np

वेबसाइट : www.deafnepal.org.np

# राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# “बहिरा आवाज”

वर्ष -०२ अंक- १६, २०८१ माघ

## यस अंक भित्रः

**विषय-सूची** **पेज**


- **चितवनमा दुई महिने नेपाली साङ्केतिक भाषा दोभाषे तालिम कार्यक्रमको उद्घाटन** - २
- **श्रवणदृष्टि विहीन व्यक्तिहरुको वर्तमान शैक्षिक अवस्थाबारे गरिएको अध्ययन मस्यौदा प्रतिवेदनमा सरोकारवालाहरुसँगको परामर्श कार्यक्रम सम्पन्न** - ३
- **कोशी प्रदेश समितिको वार्षिक साधारणसभा तथा अधिवेशन सम्पन्न** - ४
- **महासंघको परिकल्पना, ध्येय र रणनीतिक उद्देश्य सम्बन्धि भिडियो निर्माण** - ४


## चितवनमा दुई महिने नेपाली सांकेतिक भाषा दोभाषे तालिम उद्घाटन कार्यक्रम सम्पन्न

सांकेतिक भाषाका थप दोभाषे उत्पादन गर्ने उद्देश्यसहित दुई महिने आवासीय नेपाली सांकेतिक भाषा दोभाषे तालिम २०८१ माघ ९ गतेदेखि चितवनको भरतपुर महानगरपालिका वडा नम्बर ७ स्थित चेतना भिलेजमा सञ्चालन भएको छ । अपांगता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि (UNCRPD) २००६ को मर्मअनुरूप सुनाइसम्बन्धी अपांगता भएका बहिरा नागरिकहरूलाई स्थानीय तहमै सांकेतिक भाषा दोभाषे उपलब्ध गराई सञ्चार, सेवासुविधा एवं सामाजिक सहभागितामा पहुँच बढाउने लक्ष्यसहित उक्त तालिमको रहेको छ ।



*उद्घाटन समारोहको एक झलक*

नेपाल सरकार, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको सहयोग, काठमाडौँ महानगरपालिकासँगको सहकार्य तथा राष्ट्रिय बहिरा महासंघ नेपालको आयोजनामा सञ्चालित तालिममा सातै प्रदेशका १४ जिल्लाका १५ जना सहभागी रहेका छन् । कोशी प्रदेशबाट भोजपुर, पाँचथर र खोटाङ, मधेश प्रदेशबाट सप्तरी र बारा, बाग्मती प्रदेशबाट नुवाकोट र धादिङ, गण्डकी प्रदेशबाट स्याङ्जा, लुम्बिनी प्रदेशबाट पाल्पा, प्युठान र कपिलवस्तु, कर्णाली प्रदेशबाट दैलेख, सुर्खेत र सुदूरपश्चिम प्रदेशबाट डोटी जिल्लाका सहभागीहरू छनोट भएका हुन् ।

राष्ट्रिय बहिरा महासंघ नेपालका संघीय अध्यक्ष श्री सन्तोष के.सी.को सभापतित्वमा सम्पन्न उद्घाटन समारोहमा भरतपुर महानगरपालिका वडा नम्बर ७ का कार्यवाहक अध्यक्ष श्री अमृता गौतम प्रमुख अतिथि रहनुभएको थियो । अन्य विशेष अतिथिहरूमा राष्ट्रिय अपांग महासंघ नेपाल बागमती प्रदेश समितिका सचिव श्री यम प्रसाद सुवेदी, अपांगता जिल्ला समन्वय समितिका संयोजक श्री संजय अर्याल, चितवन बहिरा संघकी अध्यक्ष श्री विष्णु कुमारी पौडेल, बौद्धिक अपांगताका अभिभावक संघ चितवनका अध्यक्ष श्री निर्मल श्रेष्ठ, तथा राष्ट्रिय बहिरा महासंघ नेपालका पदाधिकारी, कर्मचारी, स्थानीय बहिरा संघका सदस्य, अभिभावक, पत्रकार र दोभाषेहरूको उपस्थिती रहेको थियो ।

६० दिनसम्म सञ्चालन हुने तालिममा प्रमुख प्रशिक्षकको रूपमा कृष्ण गजुरेल रहनुहुनेछ । तालिम कार्यक्रम बाट उत्पादन भएका दोभाषेहरुलाई आ-आफ्नो स्थानीय तहमा दोभाषेका रुपमा कार्य गर्नका लागि महासंघले सम्बन्धित स्थानीय तह लगायतका सरोकारवाला पक्षहरुसंग् आवश्यक पहलकदमी गर्नेछ ।

## श्रवणदृष्टि विहीन व्यक्तिहरुको वर्तमा शैक्षिक अवस्थाबारे गरिएको अध्ययन मस्यौदा प्रतिवेदनमा सरोकारवालाहरुसँगको परामर्श छलफल कार्यक्रम सम्पन्न

राष्ट्रिय बहिरा महासंघ नेपालद्धारा नेलम्बोको सहयोगमा गरिएको नेपालमा श्रवणदृष्टि विहीनता भएका व्यक्तिहरुको शैक्षिक अवस्था र सम्भावना सम्बन्धी अध्ययन २०८१ को मस्यौदा माथि सरोकारवालाहरुसँगको परामर्श छलफल मिति २०८१ माघ २३ गते, काठमाण्डौमा सम्पन्न भएको छ । उक्त कार्यक्रममा सरकारी तथा गैरसरकारी संघसंस्थाका २० जना प्रतिनिधिहरुको सहभागिता रहेको थियो । कार्यक्रममा श्रवणदृष्टि विहीनता भएका व्यक्तिहरुको वर्तमान शैक्षिक अवस्थाको अध्ययनका संयोजक डा. बाबुराम ढुंगानाले प्रस्तुतीकरण गर्नुभएको थियो । नेपालमा भएको श्रवणदृष्टि विहीनता भएका बालबालिकाहरुको शैक्षिक अवस्था, पहिचानमा झेल्नुपर्ने कठिनाई, अन्तराष्ट्रिय जगतमा गरेको प्रतिबद्दता बिषयगत लगायत बिबिध छलफल गरिएको थियो ।



*सहभागीहरु माझ प्रस्तुती दिनुहुदै डा. बाबुराम ढुंगाना*

सहभागिहरुले अध्ययन प्रतिवेदनले धैरै कुरा समेट्न खोजिए पनि केहि विषय छुटेका हुदा ति विषय समेट्न सुझाव दिएको थियो । साथै अबको बाटो के हो त १० वर्षमा श्रवणदृष्टि विहीनता भएका व्यक्ति शिक्षा कस्तो हुनुपर्छ भन्ने रोडम्याप सहित सुझाव दिनुपर्ने बताउनु भएको थियो । शिक्षा तथा मानव स्रोत विकास केन्द्र समावेशि शिक्षा शाखाका प्रमुख सविता दंगालले यस अध्ययनले नेपालमा श्रवणदृष्टि विहीनताको शैक्षिक अवस्था सुधार्नमा सहयोगि हुने र राज्यलाई नीति निर्माणमा सहयोग पुग्ने बताउनु भएको थियो । उक्त अध्ययन प्रतिवेदन यहि फागुन १७ देखि १९ पोखरामा हुन गइरहेको डेफब्लाईण्ड इन्टरनेसनलको एसिया क्षेत्रिय सम्मेलन २०२५ मा विमोचन गर्ने गरी अन्तिम तयारी गरिएको छ ।

राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# “बहिरा आवाज”

वर्ष -०२ अंक- १६, २०८१ माघ

## कोशी प्रदेश समितिको वार्षिक साधारणसभा तथा अधिवेशन सम्पन्न



*नवनिर्वाचित कार्यसमितिहरु*

मिति २०८१ माघ १० मा सम्पन्न राष्ट्रिय बहिरा महासंघ नेपाल कोशी प्रदेश समितिको पाँचौ वार्षिक साधारण सभा तथा तेस्रो अधिवेशनबाट अध्यक्ष सुनिता तिमिल्सीना (मोरङ्ग) को नेतृत्वमा ९ सदस्यीय कार्यसमिति निर्बिरोध निर्वाचित भएका छन् । नयाँ समितिमा उपाध्यक्ष लोकनाथ गौतम (ओखलढुंगा), सचिव भोला थापा (धनकुटा), कोषाध्यक्ष गंगा शिवाकोटी (भोजपुर) तथा सदस्यहरुमा देउ प्रसाद लिम्बू (ताप्लेजुङ), अम्बिका निरौला (झापा), जानुका वन राई (सुनसरी), सोभा ढुंगाना (उदयपुर) र बबिता पौडेल (तेह्रथुम) रहेका छन् ।

## महासंघको परिकल्पना, ध्येय र रणनीतिक उदेश्यहरुबारे जानकारी भिडियो

राष्ट्रिय बहिरा महासंघ नेपालको परिकल्पना, ध्येय र रणनीतिक उद्देश्यहरुवारे बहिरा समुदाय एवं सरोकारवालाहरुलाई सुशिचित सुषुचीत गराउने उद्देश्यले नेपाली सांकेतिक भाषा भिडियो निर्माण गरी महासंघको सामाजिक संजालमा सार्वजनिक गरिएको छ ।

थप भिडियो यहाँ हेर्नुहोस् ।




**राष्ट्रिय बहिरा महासंघ नेपालको परिकल्पना, ध्येय र रणनीतिक उद्देश्यहरुको बारेमा जानकारीमुलक भिडियो**

# राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# "बहिरा आवाज"

वर्ष -०२ अंक- १६, २०८१ माघ


## हाम्रा साझेदार संस्थाहरु :-




"साङ्केतिक भाषामा सञ्चार गर्न पाउने बहिरा नागरिकको नैसर्गीक अधिकार सुनिश्चित गर्नु सरकारको दायित्व हो ।"

* समाप्त !!! *

## सचेतनामूलक सूचना सामाग्री :

